# गाउँ सभाको बैठकमा अध्यक्ष श्री राम पदारथ साहद्वारा प्रस्तुत आर्थिक वर्ष

# २०८०।०८१ को

# नीति तथा कार्यक्रम

ब्रह्मपुरी गाउँपालिका

ब्रह्मपुरी सर्लाही

मधेश प्रदेश

१० असाढ २०८०

ब्रह्मपुरी गाउँपालिकाको चौधौ गाउँसभाको प्रमुख अतिथि ज्यु, विशिष्ठ अतिथि ज्युहरु, अतिथि ज्यू, गाउँसभाको उपाध्यक्ष ज्यु, प्रमुख प्रशासकिय अधिकृत, ज्यु वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्युहरु, सुरक्षा कर्मी ज्युहरु, पत्रकार ज्युहरु, राष्ट्रसेवक कर्मचारी ज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु।

१. देशमा संघीयता कार्यान्वयन भए पछि गठित स्थानीय सरकार क्रियासिलताका छ वर्ष व्यतित भइसकेका छन। सफा स्वस्च्छ सुन्दर र सु संस्कृत ब्रह्मपुरी गाउँपालिका बनाउने सोच सहित अघि बढेको ब्रह्मपुरी गाउँपालिकाले अहिले सम्म तेह्रवटा गाउसभा सम्पन्न गरि सकेको छ। यस चौधौ गरिमामय गाउँ सभा समक्ष ब्रह्मपुरी गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसिको अनुभुति हुनु स्वभाविकै हो ।नेपालको संविधान २०७२ ले सुनिश्चित गरेको प्रावधानहरुलाइ व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तह सदस्यको निर्वाचन २०७९ बैशाख ३० गते सम्पन्न भए पछि स्थानीय सरकारको यो दोश्रो कार्यकाल शुरु भएको छ। यस अवसरमा सर्वप्रथम गौरवमय चौधौ गाउँ सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न प्राण आहुती गर्ने ज्ञात अज्ञात सहितहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु। यसै गरी यो गाउँपालिकाको तीव्र विकास र समृद्धिको कार्यदिशा अगाडी बढाउन र यहाका समस्त नागरिकहरुको सुखी जिवन निर्माणको लागि हामिलाइ यो महत्वपुर्ण जिम्मेवारी र कार्यभार सुम्पने सबै गाउँवासि शुभेच्छुक र सरकारवालाहरु प्रति हार्दिक आभार प्रकट गर्न यसै गरी यो गाउँपालीकाको तीव्र विकास र समृद्धिको कार्यदिशा अगाडी बढाउन र यहाका समस्त नागरिकहरुको सुखी जिवन निर्माणको लागि हामिलाइ यो महत्वपुर्ण जिम्मेवारी र कार्यभार सुम्पने सवै गाउँवासी शुभेच्छुक र सरकारवालाहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा

गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षीत भएको छु ।

२. नेपालको संविधान,२०७२ स्थानीय सरकार सञ्चालन ऐन २०७४,गाउँपालीकाको अर्थ विधेयक २०८०,विनियोजन विधेयक २०८०,गाउँपालीकाको निति तथा कार्यक्रम ,संघिय तथा प्रदेश सरकारका नीती तथा कार्यक्रमहरु,गाउँपालीका विषयगत समितिका सुझावहरु,दिगोविकासका लक्ष्य,गाउँ सभाका सदस्य ज्यूहरुले दिनु भएका ,सुझावहरु,विषय विज्ञका सुझाव तथा राजनीतिक दलहरु संघ संस्था,गाउँपालीकाका सम्पुर्ण दिदिवहिनी तथा दाजु भाईहरुबाट प्राप्त महत्वपुर्ण तथा कार्यान्वयनयोग्य सुझावहरुलाई समेत समेटी आ.व.०८०।८१ को बजेट तर्जुमा गरिएको छ ।

३. संघीयता र स्थानीय सरकार मार्फत घरघरमा अधिकार गाउँगाउँमा सिंहदरबार, हाम्रो गाउँ हामी आफैँ बनाऔँ जस्ता सिद्धान्तहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । हामिलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान, निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं परोक्ष ढंगले भूमिका खेल्नुहुने सबैलाई धन्यबाद दिन चाहन्छु ।

४. अव म आगामी आर्थिक वर्ष ०८०।०८१ को बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु । बजेटका उदेश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।

ख) गाउपालीकाबाट प्रदान गरिने सेवा प्रवाहमा आम नागरिकको सरल र सहज पहुच अभिवृद्धि गर्ने ।

ग) निजी तथा सहकारी क्षेत्र सँग सहकार्य गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

घ) साधन स्रोत,अवसर र क्षमताको विकास तथा सोको उच्चतम उपयोग गरी समृद्ध गाउँपालीका बनाउने ।

ङ) आर्थिक भौतिक सामाजीक र वातावरणीय पुर्वाधार विकास गरि समुन्नत र सुदृढ गाउँपालिका बनाइ राष्ट्रको विकासमा टेवा पुऱ्याउने ।

च) दिगो विकासको मर्म अनुरुप भौतिक पुर्वाधारको विकास गर्ने ।

छ) सामुहिक निर्णय प्रद्धती तथा प्रभावकारी कार्यान्वयन प्रणाली अपनाउने ।

ज) मुख्यत कृषी,स्वास्थ्य र शिक्षा क्षेत्रको विकास गर्ने ।

झ) बेरोगार व्यक्ति/युवाहरुको लागि रोजगारी सृजना गरिनेछ ।

ञ) लैगिंक समानता,सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने ।

ट) बैदेशिक रोजगारीमा आउन सक्ने सम्भावित संकुचनलाई हटाई रोजगार मुलक गतिविधि संचालन गर्ने ।

५. आर्थिक वर्ष ०८०।०८१ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) कृषि तथा पशु विकासमा सुधार गरिनेछ।

ख) स्वास्थ्य सेवामा सुधार एवं पहुँच प्रयास गरिनेछ।

ग) शैक्षिक उन्नयन एवं युवा तथा खेलकुदमा विशेष जोड दिइनेछ।

घ) शहरी सौन्दर्य र भु उपयोग एवं वस्ती विकासमा विशेष जोड दिइनेछ।

ङ) विपद व्यवस्थापनको स्थापनाको लागि कार्यविधि बनाइ प्रत्येक वर्ष सो काषमा रु दश लाख जम्मा गरि कोष खडा गरिनेछ।

च) प्रत्यके वडामा सबैभन्दा बढी उमेर भएका जेष्ठ नागरिकको पहिचान गरि कदरपत्र तथा पुरस्कारको लागि बजेट विनियोजन गरिएको छ।

छ) लक्षित वर्गको उत्थान एवं सशक्तिकरण र सामाजिक समावेशीकरण गरिनेछ।

ज) प्रविधि प्रयोग तथा डिजिटल प्रणाली विकास गरिनेछ।

झ) संस्कृति तथा पर्यटन प्रवद्धन ।

ञ) यस आ व २०८०।०८१ मा ब्रह्मपुरी स्वास्थ्य चौकिमा सुविधा सम्पन्न बर्थिङ्ग सेन्टर सञ्चालनमा ल्याउनेछ ।

ट) महिला बालवालीका तथा जेष्ठ नगरिकको शसक्तिकरणका कार्यक्रम सञ्चालन गरिने छ ।

ठ) सुशासन,पारदर्शिता र सेवा प्रवाहमा सुधार गरिनेछ ।

ड) सार्वजानिक जग्गाको नाक्सौँकन सिमांकन र संरक्षण गरिनेछ ।

ढ) दलित तथा विपन्न परिवारको आवास निर्माण गरिनेछ ।

ण) आर्थिक वर्ष २०८०।०८१ भित्र यस गाउँपालिकालाइ क्षयरोग मुक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रम बजेट विनियोजन गरेको छु

त) पोषण मैत्रि गाउँपालिका घौषणाको लागि आवश्यक कार्यक्रम बजेट विनियोजन गरेको छु।

थ) यस गाउँपालिका भित्र नेत्र ज्योति घुम्ति शिविर र व्यक्तीगत घटना दर्ता घुम्ती शिविर सञ्चालनको लागि बजेट विनियोजन गरेको छु।

द) ब्रह्मपुरी गाउँपालिकाको सातै वडाहरुमा जेष्ट नागरिक दलित उत्पिडीत विपन्न समुदाय तथा सेवाहरुबाट बञ्चितहरुका लागि विशेष घुम्ति शिविर सञ्चालन गरिनेछ।

ध) एस इ इ मा उत्कृष्ठ अक ल्याउने एकएक जना जेहेनदार छात्रछात्रालाइ छात्रावृति प्रदान गरिनेछ ।

न) केन्द्रियकृत स्वास्थ्य निगरानी प्रणाली को सफ्टवेयरको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

प) अपाङ्गता भएका व्यक्तिहरुको पहिचान र अधिकारलाइ सुनिश्चित गर्दै अपाङ्गताको गम्भिरताको आधारमा आपाङ्गता परिचय पत्र वितरण गर्ने कार्यलाइ निरन्तरता दिइने छ। जसको सबाल उसकै नेतृत्व भन्ने मान्यता अनुरुप अपाङ्गता क्षेत्रमा क्रियाशिल सामाजिक संस्थाहरुको अगुवाइमा अपाङ्गता सम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

फ) ब्रह्मपुरी गाउपालिकाबाट प्रदान हुने सम्पुर्ण स्वास्थ्य सेवा अपाङ्गता जेष्ट नागरिकलाइ निःशुल्क सेवा दिइनेछ।

ब) एक वडा एक पोखरी कार्यक्रम अन्तर्गत प्रत्येक वडामा न्युन्तम एउटा पोखरीको सरसफाइ तथा सौन्दर्यिकरण गर्दै रमणीय स्थलको रुपमा विकास गरिनेछ।

भ) ब्रह्मपुरी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाइ चुस्त बनाउन आन्तरिक नियन्त्रण निर्देशिका तयार गरि कार्यान्वयनमा ल्याइने छ।

म) ब्रह्मपुरी गाउपालिकाले कुनै पनि स्वरुपको भ्रषटाचार सहन नगर्ने निती अनुरुप शासकिय क्रियाकलापहरुमा हुन सक्ने अनियमितता सरकारी सम्पतिको अनाधिकृत

प्रयोग अपचलन वा दोहन गर्ने जुन सुकै पदाधिकारी कर्मचारी सेवा प्रदायक वा सेवा ग्राहीलाइ कानून अनुरुपको दण्डको व्यवस्थालाइ कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ।

य) गाउँपालिकाको लागि केही महत्वपुर्ण बाकि रहेका ऐन नियम नीति तथा कार्यविधि विज्ञको राय सुझाव सल्लाह अनुसार बनाउनको लागि बजेटको विनियोजन गरि सोको कार्यान्वयन गरिनेछ।

६. बजेटले राखेका उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार प्रदेश सरकार छिमेकी स्थानीय तहहरु,विकासको सहयात्रीको रुपमा रहेको निजी तथा सहकारी क्षेत्र सँग समन्वय एंव साझेदारी गरिने छ । विनियोजन हुने बजेट र वार्षिक कार्यक्रमलाई बजेटका प्राथमिकता र उद्देश्यसँग तादाम्यताा कायम गर्न अधिकतम प्रयास गरिनेछे छ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,
अब म यस ब्रहम्पुरी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७.यस गाउँपालीकाको आर्थिक वर्ष ०७९।०८० को अषाढ ९ गते सम्मको वास्तविक आय ३९ करोड ३९ लाख ३४ हजार रहेको छ भने वास्तविक खर्च २६,३६,८६,०००।- रहेको देखीन्छ । साथै आगामी आर्थिक वर्ष ०८०।८१ को कुल बजेट ४२,९१,५३,९००।-(अक्षेरुपी बयालीस करोड एकानन्बे लाख त्रिपन्न हजार नौ सय मात्र) भित्र रहि आगामी आर्थिक वर्षको निति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

८.प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै सिँचाई, मलखाद, बीउ विजनको उपलब्धतामा सुधार गरिनेछ । पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमलाई प्राथमिकता साथ कार्यान्वयन गर्दै आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।

९.गा.पा.अन्तर्गतका विद्यालयहरुमा शिक्षा विकास तथा मानव श्रोत विकास केन्द्रबाट सशर्त अनुदानमा प्राप्त रकम बाट विद्यालयमा अध्ययरत बालबालिकाहरुको पोषण कार्यक्रम लागु

गरिएको छ भने यसलाई प्रभावकारी बनाउने खाजा व्यवस्थापन समितिको निर्माण गरि वडा अध्यक्षको रेखदेख कार्यक्रम संचालन गरि योजनाको नियमित अनुगमन गरि प्रभावकारी बनाइने छ ।

१०.उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न युवालाई छोटो र लामो अवधिको तालिम दिइनेछ । स्वस्थ, अनुशासित तथा सिर्जनशिल युवा शक्ति उत्पादन गर्न खेलकुद क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधारको विकास गरिनेछ ।
११. शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिबृद्धि गर्न सेवाको गुणस्तरमा थप सुधारको व्यवस्था मिलाईनेछ ।सीपयुक्त शिक्षाकालागि प्राविधिक तथा व्यवसायिक शिक्षालाई क्रमशः विस्तार गरिनेछ ।

१२. नेपाल सरकारले हरेक गाउँपालिकामा १५ शैयाको अस्पताल बनाउने कार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण यसै वर्ष देखी निर्माण कार्य सञ्चालन गर्न स्वास्थ्य मन्त्रालय सग बजेट माग गरिने छ । । साथै यस गाउँपालीका सुरक्षित प्रसुती सेवा प्रदान गर्नका लागि ब्रह्मपुरीमा बर्थिङ सेन्टर संचालन गरिने छ ॥

१३. लैगिंक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । संघीय सरकार मार्फत सञ्चालन हुनेसामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिदै आएकोमा सामाजिक सुरक्षा रकम बैकिंग प्रणालीमार्फत वितरण गरिने कार्यलाइ थप सहजताका साथ समयमा नै उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

१४.आर्थिक विकासको महत्वपूर्ण आधार आर्थिक क्रियाकलाप हो । नयाँ संरचना निर्माण सँगै यस क्षेत्रको आर्थिक क्रियाकलापहरुमा उल्लेख्य बृद्धि हुने निश्चित छ । कृषि तथा अन्य गैर कृषि जन्य उत्पादन बृद्धि गर्न विषादि मुक्त प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरी आर्थिक तथा वित्तिय कारोबारहरुलाई व्यबस्थित एवं अनुशासित बनाउँदै यस क्षेत्रको उच्च आर्थिक बृद्धि हासिल गर्ने नीति लिईनेछ । यस गाउँपालिका क्षेत्रमा बैंक तथा वित्तिय संस्थाहरु पनि कमै मात्रमा सञ्चालनमा छन ।साथै गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ । बैकिगं तथा वित्तिय क्षेत्रको विकास गरिनेछ ।

१५. सामाजिक तथा सांस्कृतिक विविधता युक्त यस क्षेत्रमा सह अस्तित्वको आधारमा स्वस्थ सामाजिक सम्बन्ध विकास गर्न सबै प्रकारका भेदभावको अन्त्य गरी समावेशीकरणको माध्यमबाट समानता र सामाजिक न्याय कायम गरिने छ ।

१६. यस क्षेत्रका प्राकृतिक सम्पदाहरुको जगेर्ना गर्दै सिगों राष्ट्रकै ऐतिहासिक पहिचान बोकेको ब्रहम्पुरी क्षेत्रलाई पर्यटकिय स्थलको रुपमा विकास गरिने छ । पर्यटकिय सम्भावना बोकेका अन्य क्षेत्रहरुको पहिचान, विकास तथा सम्बर्द्धन गरिने छ ।धार्मिक, ऐतिहासिक, सामाजिक-सांस्कृतिक तथा पर्यावरणीय महत्वका मठ,मन्दिर, मस्जिद,मदरसा,झिम नदी,पनपीया पोखरीको शौदर्यकरण,ब्रह्मवावा स्थल आदिको संरक्षण एवं सम्बर्द्धन गर्ने कार्यक्रमहरुल्याईनेछ ।

१७.यस गाउँपालीकामा स्वच्छ खानेपानी उपलब्ध गराउन गाउँपालीकाको विभिन्न ठाउँहरुमा खानेपानी संरचना निर्माण गरिने छ ।

१८. आजको युग सूचना र सञ्चारको युग हो । सूचना प्रविधिको विकास विना समृद्धिको परिकल्पना गर्न सकिँदैन । सञ्चार क्षेत्रकोविकासका लागि प्रत्येक वडामा ईन्टरनेट सेवा विस्तार गर्नुका साथै नेपाल टेलिकम तथा अन्य सञ्चार सम्बद्ध संस्थाहरुसँग आवश्यक सहकार्य गरी यस क्षेत्रको सञ्चार सेवाको गुणस्तरमा सुधार गरिने छ ।।

१९.लागु औषध दुर्वेशनीमा लागेका युवाहरुलाइ सचेतना मुलक कार्यकम संचालन गरि उनीहरुलाई समाजको मुल धारमा ल्याउइने छ । लैगिंक सामानतामा आधारीत समाज निर्माणको लागि सशत्तिकरण कार्यक्रम संचालन गरिने छ । अवको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा दिवा खाजा ,छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाएनपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै मुसहर,चमार डोम लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरेको छु ।

उपस्थित सम्पूर्ण माहानुभावहरु,

२०. गाउँ कार्यपालिकाको कार्यालयले आफु र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति,पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण

लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।

२१. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न कार्य जिवनको गुण अभिबृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ। कर्मचारीहरुलाई कार्यस्थलमा बसी सेवा प्रवाह गर्ने तथा गाउँपालिकाको निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ। राम्रो काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन गरिने तथा नराम्रो काम गर्ने कर्मचारीहरुलाई निरुत्साहन गर्ने व्यवस्था मिलाएको छु।

२२. यस गाउँपालीकामा रहेको आयुवेर्द औषधालयलाइ प्रभावकारी साथ संचालन गरि जेष्ठ नागरिकहरुको स्वास्थ्यलाइ ध्यान राखी आयुवेर्दको औषधी वितरण गरिने छ ।

२३. यस क्षेत्रको आन्तिरिक साधन स्रोतको पहिचान गरि राजस्व वृद्धि गर्नको लागि गाउँपालीकामा रहेका सार्वजानीक पोखरीहरुको पहिचान गरि ठेक्काको व्यवस्था मिलाइने छ ।

२४) यस गाउँपालीकाको मालपोत र सिफारिस दस्तुरको राजस्व व्यवस्थित गर्न वडा कार्यालयहरु मार्फत हुने सम्पुर्ण कार्यलाई सफ्टवेयर मार्फत कम्प्युटर प्रणालीमा संचालन गरिने छ।

२५) यस गाउँपालीमा कृषी तथा पशु पकेट संचालन गर्नको लागि आवश्यक ठाउँको पहिचान गरि माछा,भैसी र तरकारीको मिनिकिट वितरण कार्य लाइ निरन्तरता दिइने छ।

२६) यस गाउँपालीका भित्र रहेका गर्भवती तथा सुत्केरी महिलाहरुलाइ यस गाउँपालीकाको बर्थिङ सेन्टर र अन्य अस्पतालहरुमा पुऱ्याउनको लागि आवश्यक एम्वुलेन्स सेवालाइ प्रभावकारिताका साथ संचालनमा निरन्तरता ल्याइने छ।

२७) सुत्केरी तथा बालबालिकाहरुलाइ कुपोषणबाट बचाउन बहुक्षेत्रिय पोषण आयोजनालाइ प्रभावकारीताका साथ कार्यान्वयनमा ल्याइने छ ।

२८) यस गाउँपालीकाले खरिद गरेका खर्च भएर नजाने जिन्सी सामानहरुको व्यवस्थित राख्नको लागि महालेखा नियन्त्रक कार्यालयले संचालनमा ल्याएको पाम्स सफ्टवेयरलाइ २०८० श्रावण महिना देखी अनिवार्य रुपमा संचालनमा ल्याइने छ।

२९) यस गाउँपालीकाको पश्चिमी क्षेत्रमा पर्ने भिम नदीबाट कटान हुने गाउँपालीकाको वडा नं.१,२,३ र ४ कृषि योग्य जमिनको संरक्षण गर्न प्रभावकारी कार्यहरु अगाडी बढाउने छ। साथै अन्य वडाहरुको साना तिना नदी बाट कटान हुने कृषि योग्य भुमीको पनि संरक्षण गरिएको छ।

३०) नेपाल सरकारको आवधिक योजना बमोजिम प्रत्येक स्थानीय तहलाई डिजिटललाइजेसन प्रणालीमा व्यवस्थित गर्ने योजना अनुरुप यस गाउँपालीकाले पनि उक्त कार्यलाई प्रभावकारीताका साथ अगाडी बढाउनको निमित्त बजेट व्यवस्थापन गरिने छ ।

३१) यस गाउँपालीकाका विद्यालयहरुमाकार्यरतबालविकास सहयोगी,विद्यालय सहयोगी र कार्यालय सहायकहरुलाइ पालीकाको तर्फबाट मासिक ३०००।- प्रदान गर्दै आएको निरन्तरता दिइने छ।

३२) यस गाउँपालीका भित्र रहेको सामुदायीक विद्यालयहरुको शैक्षिक स्तर उकास्नको निमित विद्यालयहरुको शैक्षिक स्तरको नियमित अनुगमन गरिने छ । साथै अझ प्रभावकारीताका साथ पढाइ संचालन गर्न दक्ष स्वयमं सेवक शिक्षकहरुको सेवा सुविधामा विशेष ध्यान दिएको छु।

३३) यस गाउँपालीका भित्र रहेका सामुदायीक विद्यालयहरुको आन्तरिक संरचनालाई व्यस्थित गर्न विद्यालयहरुको भवन निर्माण कार्यलाई आगीमा आर्थिक वर्षमा पनि थप रकम विनियोजन गरि पढाइमा प्रभाकारीता ल्याइने छ।

३४) गाउँपालीका भित्र रहेका विभिन्न ठाउँहरुमा खानेपानीको समस्यालाई समाधान गर्नको निमित्त प्रत्येक वडाहरुमा ह्याण्ड पाइप वितरण कार्यको अगाडी बढाइने छ।

३५) गाउँपालीका भित्र रहेका विभिन्न ठाउँहरुमा सिचाईको समस्या समाधान गर्नको लागी वडाहरुका सिचाई सडक,कृषि विधुतीकरण र कृषि मोटर जडान तथा निर्माण कार्यलाइ प्रभावकारीता साथ संचालन गरिने छ ।

३६) यस गाउँपालीकाको ७ वटै स्वास्थ्य संस्थाहरुमा कम्प्युटर जडान गरि स्वास्थ्यको सुचकहरुलाइ थप व्यवस्थित गरिने छ ।

३७) गाउँपालीका भित्र कृषि योग्य जमिनको संरक्षण गरिने छ साथै उन्नत किसिमको विउ वितरण गर्न कृषि पकेट क्षेत्र निर्माणको निमित्त बजेट विनियोजन गरेको छु।

३८) गाउँपालीका भित्र रहेका स्वास्थ्य चौकीहरुलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक औषधी तथा औजार उपकरणको लागि यस आ.व.मा बजेटमा बृद्धि गरेको छु ।

३९) गत आर्थिक वर्ष देखी संचालन रहेको अधुरा सडक,भवन,मन्दिर,मस्जिद निर्माण कार्यलाई यसै आर्थिक वर्षमा सम्पन्न गर्नको निमित्त बजेट व्यवस्था गरिने छ ।

४०) आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यस वर्षलाई ब्रह्मपुरीगाउँपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ । यसकोलागि आर्थिक वर्षको शुरुमा नै योजना बनाएर काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।

४१) आगामि दिनहरुमा सञ्चालन गरिने विकास कार्यक्रम तथा योजनाहरु दिगो एवं प्रभावकारी बनाउन वस्तुनिष्ठ योजनाको छनोट गरी कार्यविधिले निर्दिष्ट गरेको समय सिमा अनुसार सम्पन्न हुने व्यवस्था मिलाईनेछ । प्राविधिकको लागत अनुमान तथा मूल्याङ्कन, अनुगमन समितिको प्रतिवेदन लगायत कार्यविधिले निर्दिष्ट गरेको प्रक्रिया पुरा गरी मात्र भुक्तानी दिने व्यवस्था मिलाईनेछ ।

४२) व्यक्ति विशेष भन्दालक्षित वर्ग तथा सामुदाय लाभान्वित हुने योजनालाई प्राथमिकतादिई वस्ती स्तरबाट छनौट भई आएका सहभागितामूलक योजना सञ्चालन गरीनेछ ।

४३) अन्त्यमा सबै नागरिकको जिउधनको सुरक्षा, आत्मसम्मान, मौलिक हक एवं आधारभूत मानव अधिकारको संरक्षण एवं सम्बर्द्धन गर्दै स्वच्छ, शान्त र समृद्ध ब्रहम्पुरी गाउँपालिकाको निर्माण गरिनेछ ।

४४) यस गाउँपालीका भित्र रहेका सडकहरुको मापदण्ड निर्धारण गर्नको लागि आवश्यक कानुन निर्माण गरिने छ ।

४५) यस गाउँपालीकामा रहेका सेवाग्राहीहरुको लागि सर्वसुलभ सेवा प्राप्त गर्ने हेतुले गाउँपालीकामा हेल्पडेस्क निर्माण गरिने छ ।

४६) यस गाउँपालीका अन्तर्गतका सार्वजानिक सम्पतिको संरक्षण तथा सिमाकंन गरिने छ ।

४७)  यस गाउँपालीका भित्र रहेका जेष्ठ नागरिहरुको पहिचान गरि घुम्ती सेवा मार्फत विपि र सुगर जाँच  गरि निशुल्क रुपमा औषधी प्रधान गरिने छ ।

४८)  यस गाउँपालीकामा कार्यरत महिला स्वास्थ्य स्वयम सेवीकाहरुको दिदै आएको प्रोत्साहन रकमलाइ आगामी आर्थिक वर्षमा निरन्तरता दिइनेछ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,
अव म यस ब्रहम्पुरी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व.०७९।०८० को गाउँसभामा बाट पारित भएको प्रभावकारी कार्यक्रमहरुलाइ निरन्तरता दिदै कृषि,स्वास्थ्य,शिक्षा र युवाहरुलाइ प्राथमिकतामा राखी आगामी आर्थिक वर्षको बजेट भित्र रहि कार्यक्रम तथा योजनाहरु तर्जुमा गरेको छु ।

उपस्थित सम्पूर्ण महानुभावहरु

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को आय व्ययको विवरण प्रस्तुत गर्न गईरहेको छु ।

ब्रहम्पुरी गाँउपालिकाले प्रस्तावित वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालयल र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजकि संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा आगामी आ.व. ०८०।८१ को बजेट प्रस्तुत गरेको छु

आ.व.०७९।०८० को अषाढ ९ गते सम्मको बास्तविक आय रु.३९,३९,३४,०००।-(उन्नचालिस करोड उन्नचालिस लाख चौतिस हजार मात्र) रहेको छ भने बास्तविक खर्च रु.२६,३६,८६,९००।-(अक्षेरुपी छब्बिस करोड छतिस लाख छयासी हजार नौ सयमात्र) र आगामी आर्थिक वर्ष ०८०।८१ को अनुमानित आय रु.४२,९१,५३,९००।-(अक्षेरुपी बयालिस करोड एकानब्बे लाख त्रिपन्न हजार नौ सय मात्र)मध्ये वित्तीय समानीकरण तर्फ संघिय र प्रदेश गरि जम्मा रकम रु.१०,८४,७२,०००।- (अक्षेरुपी दश करोड चौरासी लाख बहत्तर हजार मात्र) र शसर्त अनुदान तर्फ संघिय र प्रदेश गरि जम्मा रकम रु.१६,४९,००,०००।- (अक्षेरुपी सोह्र करोड उन्नपचास लाख मात्र ),विशेष अनुदान संघ र प्रदेश गरि रकम रु.९५,००,०००।–(अक्षेरुपी पन्चानब्बे लाख मात्र ) र समपुरक अनुदान संघ र प्रदेश गरि

जम्मा रकम रु.७०,००,०००।–(अक्षेरुपी सत्तरी लाख पचास हजार मात्र)गरी नेपाल सरकार र प्रदेश सरकार अन्तर सरकारी वितिय हस्तातरणको जम्मा रकम रु.२८,९८,७२,०००।–( अक्षेरुपी अठ्ठाइस करोड अन्ठानन्बे लाख बहत्तर लाख मात्र)विनियोजित गरेको छु ।

आन्तरकि श्रोत तर्फ रकम रु.४५,००,०००।–(अक्षेरुपी पैंतालिस लाख मात्र),राजस्व वाडफाड संघ र प्रदेश गरि जम्मा रकम रु.८,६७,८१,९००।–(अक्षेरुपी आठ करोड सट्सठी लाख एकासी हजार नौ साय मात्र र बैक मौज्दात ४,८०,००,०००।–(अक्षेरुपी चार करोड अस्सी लाख मात्र) गरि जम्मा बजेटरु.४२,९१,५३,९००।–(अक्षेरुपी बयालिस करोड एकानब्बे लाख त्रिपन्न हजार नौ मात्र ) आम्दानीको आकलन गरिको छु ।

कुल बजेट मध्ये चालु खर्च रकम रु.२६,६१,७७,०००।–(अक्षेरुपी छबीस करोड एकसट्ठी लाख सतहत्तर हजार मात्र) र पुजीगत खर्च रकम रु.१६,१७,०८,०००।–(सोह्र करोड सत्र लाख आठ हजारमात्र) विनियोजन गरेको छुभने विषयगत क्षेत्रहरुमा निम्नानुसार विनियोजन गरेको छु ।

१. कार्यालय संचालन तथा प्रसाशनीक क्षेत्रमा रकम रु.९,७५,०६,०००।–

२. आर्थिक विकास

क) कृषि तर्फ रकम रु.२,६६,३७,९००।–

ख) उद्योग तर्फ रकम रु.१४,००,०००।–

ग) पशुपन्छि विकास तर्फ रकम रु.१२,६२,०००।–

३. पुर्वाधार विकास

क) यातयातपुर्वाधार तर्फ रकम रु.६,७५,००,०००।–

ख) भवन आवस तथा सहरी विकास तर्फ रकम रु.६०,००,०००।–

ग) उर्जा तर्फ रकम रु.४७,००,०००।–

घ) पुनर्निर्माण तर्फ रकम रु.६४,००,०००।-

ङ) सम्पदा पूर्वाधार तर्फ रकम रु.१,५६,४८,०००।-

च) मानव विकास तर्फ रकम रु.५०,०००।-

छ) योजना तर्फ रकम रु.५०,०००।-

४. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

क) बन तर्फ रकम रु.५२,००,०००।–

ख) श्रम रोजगारी तर्फ रकम  रु.६,१७,०००।–

ग) प्रशासकीय सुशान तर्फ रकम रु.७२,८७,०००।-

घ) शान्ती व्यवस्था तर्फ रकम रु.५,००,०००।-

ङ) शासन तर्फ रु.२,२०,०००।-

५. सामाजिक विकास

क)  शिक्षा तर्फ रकम रु.११,३३,३५,०००।–

ख)  स्वास्थ्य  तर्फ रकम रु.३,७५,५०,०००।–

ग) खानेपानी तथा सरसफाई तर्फ रकम रु.६३,९०,०००।–

घ) भाषा तथा संस्कृति तर्फ रकम रु.७७,००,०००।–

ङ) युवा तथा खेलकुद तर्फ रकम रु.१०,००,०००।–

च) लैगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ रकम रु.१,२५,५०,०००।–

छ) सामाजिक सुरक्षा तथा संरक्षण तर्फ रकम रु.१,६२,८८,०००।-

ज) तथ्याङ तर्फ रु. ६,००,०००।-

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजस्व र बजेट सम्बन्धी कानून बमोजिम गठित विभिन्न समितिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, यस क्षेत्रका बुद्धिजिबी तथा राजनैतिक दलका मित्रहरु एव  प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नुभएका ब्रह्मपुरी गाउँपालिकाका सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

यस ब्रह्मपुरी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउनुहुने ब्रह्मपुरी गाउँपालिकाको जनसमुदाय कर प्रदायकहरु, विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचारमाध्यमहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोग अपेक्षा गरेको छु ।

धन्यबाद ।